# महाशिला गाँउपालिका

# स्थानीय राजपत्र

## खण्ड २, संख्या ५, चैत्र २ गते, २०७६ साल


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउसभाले देहायको ऐन जारी गरेको छ ।

# भाग १

## महाशिला गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन ( पहिलो संशोधन) २०७६

### प्रस्तावनाः

पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम महाशिला गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यसको नाम महाशिला गाउँपालिकाको “पूर्वाधार व्यवस्थापन सम्बन्धी ( पहिलो संशोधन) ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशित भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. पुर्वाधार व्यवस्थापन ऐन २०७५ को दफा ३ को उपदफा २ मा संशोधन**

: पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७५ (यसपछि मुल ऐन भनिएको ) को दफा ३ को :

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :

(२) गाउँपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन्:

(क) मुख्य सडक : गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको मुख्य सडक सडकको रुपमा

बर्गिकरण गरिनेछ । यस सडक क्षेत्र विच भागवाट दायाँ/वाँया १०/१० मिटर कायम हुनेछ ।

(ख) ग्रामिण सडकः गाउँपालिकाका बस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामीण सडकको रुपमा बर्गिकरण गरिनेछ । यस सडक क्षेत्र विच भागवाट दायाँ/वाँया ६/६ मिटर कायम हुनेछ ।

(ग) कृषि सडकः गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यस सडक क्षेत्र विच भागवाट दायाँ/वाँया ५/५ मिटर कायम हुनेछ ।

(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र १ भन्दा बढी हिड्न गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिनेछ । यस सडक क्षेत्र विच भागवाट दायाँ/वाँया ३/३ मिटर कायम हुनेछ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्न वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ कि.मी. लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यस सडक क्षेत्र विच भागवाट दायाँ/वाँया २/२ मिटर कायम हुनेछ ।

च) पदमार्ग : गाँउपालिका भित्रका पर्यटकिय गन्तव्यसम्म पुग्ने स्थानिय ढुगां छापी तयार गरेको सिंढी वा अन्य वाटोलाई पदमार्ग भनिन्छ । यस मार्गको विच भाग वाट दायाँ/वाँया ३/३ मिटर कायम हुनेछ ।

**३. मुल ऐनको दफा १० को उपदफा १ मा संशोधन :** मुल ऐनको दफा १० को :

**१)** उपदफा १ (च) मा देहायको वुँदा थप गरिएको छ :

च) साहसिक खेल सञ्चालन गर्ने ,

**४. मुल ऐनको दफा २६ पछि दफा २६क थप गरिएको :** मुल ऐनको दफा २६ पछि देहायको दफा २६क थप गरिएको छ :

**२६क.** घर नम्वर कायम सम्वन्धमा : १) गाँउपालिका भित्र बसोवास गर्ने सम्पुर्ण घर धुरीहरुको वडागत र पालिका स्तरमा गणना गरी घर नम्वर कायम गरिनेछ ।

**५. मुल ऐनको दफा २९ को उपदफा १ मा संशोधन :** मुल ऐनको दफा २९ को :

**१)** उपदफा १ (ख),(ग),(घ) को सट्टा देहायको उपदफा १ (ख),(ग),(घ) राखिएको छ :

**(ख)** रु.१ करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

**(ग)** जटिल प्रकृतिका आयोजना वा कार्यक्रम स्थानिय निर्माण व्यवसायी मार्फत

**(घ)** अन्य खरिद तथा निर्माण कार्यहरु तोकिए बमोजिम शिलवन्दी दरभाउपत्र/बोलपत्र मार्फत

**६. मुल ऐनको दफा ३० को उपदफा १ मा संशोधन :** मुल ऐनको दफा ३० को :

**१)** उपदफा १ को "रु.पचास लाख सम्मका" सट्टा "रु.१ करोड सम्मका" राखिएको छ ।

**२)** उपदफा ४ को नगद लागत सहभागितालाई अनिवार्य "१५ प्रतिशत" को सट्टा "कार्यपालिकाले निर्णय गरे अनुसार स्वेच्छीक वा साझेदारीमा हुनेछ" राखिएको छ ।

**७. मुल ऐनको दफा ३२ को उपदफा १ मा संशोधन :** मुल ऐनको दफा ३२ को :

**१)** उपदफा १ को "रु.तिस लाख सम्मका" सट्टा "रु.५ लाख सम्मका" राखिएको छ ।

**२)** उपदफा २ को पूर्वाधार अनुगमन समितिमा देहायका सदस्य हेरफेर गरिएको छ :

**क)** गाँउपालिकाका उपाध्यक्ष: अध्यक्ष

**ख)** अध्यक्षले तोकेका कार्यपालिका सदस्यमध्येवाट २ जना : सदस्य

**ग)** प्रमुख प्रशासकिय अधिकृत : सदस्य

**घ**) योजना शाखा प्रमुख : सदस्य

पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष, पूर्वाधार शाखा प्रमुख तथा विषय विज्ञलाई समितिले

आमन्त्रित गर्न सक्नेछ ।

**८. मुल ऐनको दफा ३५ मा संशोधन :** मुल ऐनको दफा ३५ को सट्टा देहायको व्यहोरा थप तथा हेरफेर गरिएको :

**१**) गाँउपालिकावाट सञ्चालित रु.५ लाख माथि लागत भएका पूर्वाधार तथा अन्य निर्माण कार्यको सम्झौता पूर्व पालिकास्तरिय अनुगमन समितिले आयोजना क्षेत्र हेरी सिफारिस गरेपछि आयोजनाको लागत अनुमान र सम्झौता प्रक्रिया अगाडी वढाउने साथै निर्माणको शुरु, मध्य र समापनको अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गरे पश्चात अन्तिम किस्ता भूत्तानी गर्ने सहमति दिनु पर्नेछ ।

**२**) गाँउपालिका तथा वडावाट सञ्चालित रु.५ लाख भन्दा तलका आयोजनाको सम्वन्धित वडा समितिले उपदफा १ अनुसारको प्रक्रिया पुरा गरि अनुगमन प्रतिवेदनको आधारमा भुक्तानीका लागि सहमति दिनु पर्नेछ ।

**आज्ञाले,**
**बुद्धिराम उपाध्याय**
**प्रमुख प्रशासकिय अधिकृत**